महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
लुंग्री गाउँपालिका
रोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. मितिः २०७९।३।२७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
लुंग्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रोल्पा ।

कैफियत सहितको राय

हामीले लुंग्री गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लुंग्री गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ३१ लाख १४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.१९ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३४ लाख ७२ हजार, नियमित गर्नुपर्ने रू. २ करोड ७७ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्षसम्को बेरुजू बाँकी रु ४ करोड ७१ लाख ८६ हजार रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ७ करोड ९८ लाख १ हजार रहेको छ । लुंग्री गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. लुंग्री गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

लुंग्री गाउँपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
८१	२७	३३११४	०	०	०	०	२७	३३११४	१९१६	२७७२५	३४७२	०	०	३११९७	०

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रोल्पा	४७१८६		४९९	४६६८७	०	३३११४	७९८०१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : लुङग्री गाउँपालिका, रोल्पा , लुन्ग्री गाउँपालिका , रोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बद्रि प्रसाद शर्मा वाग्ले	२०७८-२-३०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	मदन वहादुर जि सी	२०७७-१०-१८	
कार्यालय प्रमुख	बरुण प्रसाद राजवंशी	२०७७-८-३०	
कार्यालय प्रमुख	कम्मन गीरी	२०७७-५-२३	
कार्यालय प्रमुख	रविन्द्र प्रसाद चौधरी	२०७६-९-२५	२०७७-५-२४
लेखा प्रमुख	वसन्त न्यौपाने	२०७८-९-२६	
लेखा प्रमुख	कमला वली	२०७७-९-१०	
लेखा प्रमुख	शरद न्यौपाने	२०७६-९-३	
		बेरुजु रकम	३३,११४,४१५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,७२,३३,५४२.७३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२६,९६,४०,४८१	चालु खर्च	२०,३४,२८,०१९.७३
प्रदेश सरकारबाट अनुदान	३,९७,४०,०००	पूँजीगत खर्च	१४,६९,७५,४६८
राजश्व बाँडफाँट	६,९१,५०,८८५.१७	वित्तीय/अन्य व्यवस्था	१०,२६,५६,९८०.६५
आन्तरिक आय	३३,८२,४२७		
अन्य आय	८,३५,३७,१९४.२८		
कुल आय	४६,५४,५०,९८७.४५	कुल खर्च	४५,३०,६०,४६८.३८
बाँकी मौज्दात		३,९६,२४,०६१.८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**वित्तीय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		27233542.73	१	चालु खर्च	203428019.7	203428019.7
	क) नगद			२	पूँजीगत खर्च	146975468	146975468
	ख) बैंक	27233542.73		३	शसर्त तथा विशेष अनुदान फिर्ता	26827605	26827605
२	राजस्व (आन्तरिक आय)		72592014.05		विषयगत निकाय बाट प्राप्त खर्च	66367561.02	66367561.02
	क) आन्तरिक राजस्व	3382427			विविध कोष खाता खर्च	261580	261580
	ख) राजस्व बाँडफाँड	69150885.17			ग) अन्य भुक्तानी		
	ग) अन्य आय	58701.88		४	लगानी		
३	वित्तीय हस्तान्तरण संघ		269640481		ऋण लगानी		
	क) वित्तीय समानीकरण अनुदान	89500000			शेयर लगानी		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				ख) सशर्त अनुदान	172198870			प्रकोप कोष तर्फको खर्च	6107218	6107218	
				ग) समपूरक अनुदान	0		५	धरौटी फिर्ता	700825	700825	
				घ) विशेष अनुदान	7941611		६	जनश्रमदान फिर्ता			
			४	प्रदेश सरकारबाट प्राप्त अनुदान		39740000	७	कोष फिर्ता			
				क) वित्तीय समानीकरण अनुदान	5090000		८	मौज्दात		39624061.8	
				ख) सशर्त अनुदान	14850000			क) बैँक मौज्दात	37501717.8		
				ग) समपुरक अनुदान	12500000			ख) नगद मौज्दात			
				घ) विशेष अनुदान	7300000		९	कोष खाताको मौज्दात	1283391		
			५	अन्तर स्थानीय तहबाट प्राप्त			१०	धरौटी मौज्दात	838953		
				(घ) विविध खर्च खाताको आय	441881.75	441881.75					
			७	विभिन्न कोषतर्फको आय (विविध कोष)	4891044	4891044		अन्य विविध स्थानीय पूर्वाधार	2392191.63	2392191.63	
			८	स्थानीय प्रकोप कोष आय	7838311	7838311					
			९	विषयगत निकायबाट प्राप्त	66367561.02	66367561.02					
			१०	धरौटी आय	1547503	1547503					
					2392191.63	2392191.63					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१२	अन्य विविध स्थानीय पूर्वाधार						
	जम्मा	492684530.2	492684530.2		जम्मा	492684530.2	492684530.2

क) परिचय - स्थानीय सरस्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस लुङ्ग्री गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु लुङ्ग्री गाउँपालिकाको उद्देश्य रहेको छ ।यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १३५.२३ वर्ग किलोमिटर क्षेत्रफल तथा २३६३१ जनसंख्या रहेको छ ।

ख) लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७८।६।२१ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन्

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात रू. 28127936.93 ले फरक देखिएको छ ।गाँउपालिकाले बैंक समायोजन हिसाब तयार नगरेको र चेक साट्न वाँकी रहेकोले हिसाब फरक परेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले स्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको अवस्था छ । • सञ्चित कोष र अन्य खर्च शीर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन। •

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। • कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात यकीन गर्न सकिएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२			**जिम्मेवारी फरक परेको** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकीन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २९०२२८७२.८४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २७२३३५४२.७३ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १७८९३३०.११ घटी जिम्मेवारी सरेको छ । जिम्मेवारी रकम एकीन गर्नुपर्ने देखिन्छ । कार्यालयको भनाइः गत वर्ष आन्तरिक राजश्वको रकम आन्तरिक राजश्व खातामा नराखी सिधै संचितकोषमा राखेको तर देखाउदा आन्तरिक राजश्वमा देखाएकोले फरक पर्न गएको कार्यालयको भनाई रहेको छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको रु २८१२७९३६.९३ को बैंक हिसाब मिलान विवरण तयार गरेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>स्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>२</td><td>संचित कोष</td><td>27180228.9</td><td>10104331</td><td>17075897.9</td></tr>
<tr><td>३</td><td>पूँजीगत खाता</td><td>16121389</td><td>1998018</td><td>14123371</td></tr>
<tr><td>२</td><td>चालू खाता</td><td>12059803.3</td><td>15131135.27</td><td>-3071331.97</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>55361421.2</td><td>27233484.27</td><td>28127936.93</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • स्थानीय सरकारसंचालनऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता,तालिम,गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठूलासबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको । • कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७र ८खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३६ जनाको दरबन्दी रहेकोमा पुरै पदपूर्ति भएको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन । • वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन । • कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			देखिएन । • कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बील र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख गरेको पाइएन । • कार्यालयले सवारी लगबुक तयार गरी राखेको छैन, • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५			**सम्पत्ती हस्तान्तरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
६			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री भिमकला बुडाथोकी क्षेत्रीले मिति २०७७।३।२१ गते रू. ३९ करोड २१ लाख २७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।४।२७ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।५।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने तर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**बजेट सीमा निर्धारण समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८			**बजेट तथा कार्यक्रम तर्जुमा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
९			**स्रोत अनुमान समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने लगायतका कार्य गर्न स्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ। ऐन बमोजिम स्रोत अनुमान समितिको बैठक बसी आयको प्रक्षेपण, बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरको देखिएन। ऐनको पालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**नीति तथा मार्गदर्शन** गाउँपालिकाको आ.व. २०७७।०७८ को नीति तथा मार्गदर्शन २०७७ असार ६ गते गाँउसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि गाँउपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः • समंग्र खेल क्षेत्रको विकासका लागि गा.पा. कप खेल प्रतियोगिता गर्ने । • रोल्पा जिल्लाकै एक मात्र विमानस्थलका रुपमा रहेको बडाचौर बिमानस्थल पहिले सञ्चालनमा आएतापनि विगत ३० वर्ष देखि विभिन्न कारणले गर्दा बन्द भएकोले पुनः सञ्चालनमा ल्याउन यथासिघ्र सञ्चालन गर्ने कार्यलाई आवश्यक पहल गर्ने • यस गा.पा.का क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित तरिकाले संरक्षण गर्ने • बैदेशिक रोजगारीबाट फर्किएका,रोजगारी गुमाएका युवाहरुलाई उद्यिशिलता विकास गराउन बिउँ पूँजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गर्ने • वचत वृद्धी, पूँजी निर्माण र ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने नीति तथा मार्ग दर्शनको कार्यान्वयन हुनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**योजनाहरु कार्यान्वियन नभएको** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ को लागि रू. ३९ करोड २१ लाख २७ हजार को बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल १४७ वटा योजनाहरू मध्ये यस वर्ष २४ वटा योजनाहरू कार्यान्वियन गरेको पाइएन । कार्यान्वियन नभएका रू. १० लाख भन्दा माथिका योजनाहरू देहाय अनुसार छन् ।	

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन रू.(हजारमा)
1	तल्लो गुम्चाल हार्जङ मो बा वडा नं. ६	४२००
2	कमरा काटे देखि आमबोट मोटर बाटो	४५०
3	देउघर देखि माझगाउँ सम्म दल निर्माण योजना	२००
4	खाराखोला देखि तल्लो गुम्चाल सम्म खा.पा.निर्माण योजना	२५००
5	खाराखोला देखि तल्लो गुम्चाल सम्म खा.पा.निर्माण योजना	२५००
6	सौर्य उर्जा प्रबिधि जडान	३००
7	लघु तथा साना जलबिद्युत आयोजनाबाट बिद्युत उत्पादन	४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**त्रैमासिक पूँजीगत खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				असार महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
पूँजीगत खर्च	146975	17332	4212	11259	114172	100311
प्रतिशत		11.79	2.87	7.66	77.68	68.25

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत बार्षिक रु. १४ करोड ६९ लाख ७५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ७३ लाख ३२ हजार अर्थात ११.७९ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ४२ लाख १२ हजार, अर्थात २.८७ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १ करोड १२ लाख ५९ हजार अर्थात ७.६६ प्रतिशत र चौथो त्रैमासिकमा रू. ११ करोड ४१ लाख ७२ हजार अर्थात ७७.६८ खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. १० करोड ३ लाख ११ हजार अर्थात ६८.२५ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**क्षेत्रगत बजेट र खर्चको स्थिति** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	21958000	11054199	5.11
सामाजिक क्षेत्र	203779559	172738737	47.43
पूर्वाधार विकास क्षेत्र	111283879	96771801	25.9
वित्तीय व्यवस्थापन र सुशासन	61204325	43873163.54	14.25
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	31423791	25965587	7.31
जम्मा	429649554	350403487.5	100

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४७.४३ प्रतिशत र सबै भन्दा घटी कार्यसञ्चालन तथा प्रशासनिक खर्च क्षेत्रमा ७.३१ प्रतिशतबजेट विनियोजन गरेको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>खर्च विश्लेषण
पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. ७३ लाख ७७ हजार, गत वर्षको मौज्दात रू. ५ करोड ७५ लाख ४५ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रू. ३७ करोड ८५ लाख ९० हजार र अन्तर सरकारी अख्तियारीबाट रू. ६ करोड ८७ लाख ६० हजार समेत रू. ५१ करोड २२ लाख ७२ हजार आम्दानी भएकोमा चालु तर्फ रू. २० करोड ३४ लाख २८ हजार र पूँजीगत तर्फ रू. १४ करोड ६९ लाख ७५ समेत रू. ३५ करोड ४ लाख ३ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा २.१० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ७७ लाख ३० हजार खर्च भएको छ जुन आन्तरिक आयको ९५.४३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.०५ प्रतिशत चालु र ४१.९५ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>लक्ष्य प्रगति
कार्यालयले त्रैमासिक र वार्षिक स्तरकोप्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिति</th></tr>
<tr><th>शून्य प्रगति</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>१४७</td><td>२</td><td>०</td><td>१</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>ठेक्काको विवरण
निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**खरिद कार्यमा प्रतिस्पर्धाको स्थिति** सार्वजनिक खरिद ऐन, २०६३ कोदफा ६९(१) तथा नियमावली, २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding)बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोछ ।साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फm समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा रद्द हुने ऐनको प्रावधान रहेको छ ।कार्यालयले यस वर्ष सम्झौता भएका ठेक्का सम्बन्धी विवरण पेश नगरेकोले यस सम्बन्धमा विश्लेषण गर्न सकिएन ।	
१८			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३५ जना पदपूर्ति भएको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१९			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५० जना कर्मचारीहरू करारमा राखि रू. १ करोड १२ लाख खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहमा माथि उल्लेखित पद वाहेक अन्य पदमा पद पूर्ति पुरै भएकोले करार सेवाबाट पद पूर्ति नगरेको भन्ने कार्यालयको भनाइ रहेको छ ।	
२०			**कर्मचारी प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	३०५,७९८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**स्थानीय तथ्थाङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२२			**सेवा प्रवाहको स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ५ वटा ऐन, १ वटा निर्देशिका र ११ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता 860 वटा, बसाइँसराइ 32 वटा, विवाह दर्ता 44८ वटा, सम्बन्ध मृत्यु दर्ता 60 वटा गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।पालिकाबाट प्रदान गरिने सबै सेवा प्रवाहको विवरण राख्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिकगाउँ विकास योजना २०७६÷७७को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । <table><tr><td>रू. १ लाख सम्म</td><td>रू. १ लाख देखि २ लाखसम्म</td><td>रू. २ लाखदेखि ५ लाखसम्मका</td><td>रू. ५लाख देखि १० लाखसम्मका</td><td>रू. १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>२२</td><td>३१</td><td>५३</td><td>२७</td><td>१४</td><td>१४७</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाखसम्मका जम्मा १४७ वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र २२ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	
६१			**पारिश्रमिक कर** कार्यालयको मिति २०७९।०२।३० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २१२१८ मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
६२			**सेनिटरी प्याड** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन पालिकाले यस वर्ष रु १४३५९६८ खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
६२.१			कार्यालयको मिति २०७९।०२।३० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १४३५९६८ मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
६२.२			कार्यालयको मिति २०७९।०२।३० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २१२१८ मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।	
६३			**भरपाई पेश गर्नुपर्ने** कार्यालयको मिति २०७९।०२।३० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ३४७४३२ मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**दिवा खाजा कार्यक्रम** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७६।७७) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले विभिन्न गोश्वारा भौचरबाट दिवा खाजाका लागि ३२ विद्यालयलाई रु ११२४२२२४ निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा पालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।	
६५			**निकासा रोक्का** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७७।७८) को क्रियाकलाप नं. ८.४ (ज) मा स्थानीय तहबाट अनसुची १० मा उल्लेखित निर्माण समय तालिका निर्माण गरी विद्यालय निर्माण कार्य, प्रवलीकरण कार्य वापत रकम प्राप्त गर्ने विद्यालयहरूले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा निर्माण कार्य सम्पन्न गरी सो को जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु र इकाइले प्राप्त विवरणका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई जानकारी दिनुपर्नेछ । त्यसरी भवन निर्माण सम्पन्न गर्ने विद्यालयहरूले असार १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति स्थानीय तह र एक प्रति सम्बन्धित विद्यालयमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । श्री फूलवारी आ.वि. लुङ् ग्री ७ लाई विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत रू. १५ लाख निकास दिएकोमा कार्यालयले २०७८।३।२४ गते उक्त रकम रोक्का राख्न बैंक आदेश जारी गरेको पाइयो । कार्यक्रम अनुसार विद्यालय निर्माण गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रू.	१,५००,०००
६६			**प्रमाण कागजात पेश नगरेको** कार्यालयको मिति 2२०७९।०२।२९ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २६००००० मिति २०७९।०२।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।	
६७			**भवन निर्माण** गोकुल मा.वि. लुङ्ग्री २, सिर्पमा रू. ४४२२५१९.४७ लागत अनुमान भएको ४ कोठे भवन निर्माणको लागि २०७७।१२।१८ मा सम्झौता भएकोमा उक्त कार्य २०७८।३।२० मा सम्पन्न गरी रू. ३६ लाख भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहाय अनुसार छन्-	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६७.१			कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७७।७८) को क्रियाकलाप नं. ८.४ (घ) अनुसार प्राविधिकले तयार गरेको लागत अनुमान अनुसार न्यूनतम ४ कोठाको भवन निर्माण गर्नु पर्ने छ ।उपभोक्ता समितिले सम्झौता अनुसार भवन निर्माण नगरी ३ कोठाको मात्र भवन निर्माण गरेको पाइयो ।२०७८।३।२१ मा उपध्यक्षको संयोजकत्वमा ५ सदस्यीय टोलीले अनुगमन गरी ३ कोठाको मात्र भवन निर्माण भएको प्रतिवेदन पेश गरे पनि प्राविधिक मूल्यांकन पुरै कामको गरेको छ । मापदण्ड वमोजिम काम नगर्ने उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति र मूल्यांकन गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनु पर्ने देखियो । मापदण्ड विपरित बनेको भवन वापत भुक्तानी गरेको अनियमित देखिएको रू.	३,६००,०००
६७.२			पालिकाका प्राविधिक र लेखापरीक्षण टोलीले २०७८ असोज १२ गते स्थलगत रूपमा निरीक्षण गर्दा उक्त विद्यालय ३ कोठाकोमा मात्र बनेको पाइयो । नयाँ भवनको छतबाट कोठामा पानी चुहिएको, कक्षा कोठामा फर्निचर समेत राखेको पाइएन । छतबाट पानी चुहिएकोले भवन तोकिएको गुणस्तर अनुसार निर्माण भएको समेत पाइएन । तीन कोठे भवन पानी चुहिएको कोठा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ७ वडाहरुमा वाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१८ जनालाई रोजगारी उपलव्ध गराई रू. १ करोड १० लाख ९१ हजार खर्च गरेको छ । लक्षित वर्गलाई ९२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
६९			**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. ५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रू. ५ लाखभन्दा माथि रू. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपाइएको निम्नानुसार रू. १०२४७९५ को सोझै खरिद गरेको देखियो । भौ.नं. मिति / आपूर्तिकर्ताको नाम / सामान / रकम 4–२०७७।7।२७ / बराह सप्लायर्स / कम्पयुटर, ल्यापटप / 490000 ,, / सुनिधि ट्रेडर्स / ,, / 341000 ७२–२०७८।१।६ / लोमल कम्प्युटर / ,, / 193795 सार्वजनिक खरिद कानूनको पालना हुनुपर्दछ ।	

भौ.नं. मिति	आपूर्तिकर्ताको नाम	सामान	रकम
4–२०७७।7।२७	बराह सप्लायर्स	कम्पयुटर, ल्यापटप	490000
,,	सुनिधि ट्रेडर्स	,,	341000
७२–२०७८।१।६	लोमल कम्प्युटर	,,	193795

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०			**कार्य सम्पन्न प्रतिवेदन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२)मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्र्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकीन हुन सक्ने अवस्था देखिएन ।	
७१			**बीमा सम्बन्धमा** ४३–२०७७।३।२५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने प्लाण्ट, मेशिन औजार एवं निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च समेतको बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान रू. ७७ लाख ३९ हजारको श्री भूमिका प्रा.वि. आरसीसी भवन निर्माण कार्यको लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको, उपकरण, श्रमिक र तेश्रो पक्षको समेत बीमा गराउनु पर्ने गरी सम्झौता गरेको छ । यस प्रयोजनको लागि निर्माण व्यवसायीले रू. ५६५००।- कवुल गरी ठेक्का सम्झौता गरेकोमा निर्माण कार्यको रनिङ विल भुक्तानी हुँदा समेत कुनै पक्षको पनि बीमा गराएको पाइएन ।ठेक्का सम्झौता भै कार्य शुरु गर्नु अगाबै सम्झौताको शर्त मुताविक बीमा गराएर मात्र कार्य शुरु गर्नु पर्नेमा नगर्दा ठेक्का सम्झौताको शर्तको पालना नहुने, निर्माण कार्य, उपकरण, कामदार र तेश्रो पक्षको हानी नोक्सानी भएका क्षतिपूर्तिबाट समेत बन्चित रहनुपर्ने अवस्था आउँछ । तसर्थ सम्झौताका शर्तहरु अनिवार्य रुपमा पालना गराउने तर्फ ध्यान दिनु जरुरी छ	
७२			**फुसको छाना मुक्त कार्यक्रम**	
७२.१			प्रदेश सरकारको २५ लाख र गाउँपालिको २५ लाख समेत रू. ५० लाख बजेट विनियोजन भएको फुसको छाना मुक्त कार्यक्रम रू. ४८००३६४।– को जस्तापाता खरिद गरेको पाइयो । कन्टिन्जेन्सी बाहेक ४८ लाख लागत अनुमान रहेको जस्ता पाता खरिद कार्य देउती बज्यै कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग २०७७ पुस १६ गते रू. ३५४५३९७.६० मा सम्झौता भएकोमा १९०४ थान CGI sheet 0.41 coloured Heavy 11" र Pain Coloured 0.41 sheet 8*३ साइजको १३६ थान र ए.पी.एम. स्प्लायर्स/ए.पी.एम. कन्ष्ट्रक्सनबाट ५०१ थान CGI sheet 0.41 coloured Heavy 11" र Pain Coloured 0.41 sheet 8*३ साइजको ३५ थान प्राप्त गरी रकम भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२.२			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । जस्ता पाताहरूको गुणस्तर सम्बन्धित देउती बज्यै कन्ष्ट्रक्सन एण्ड सप्लायर्सको २०७७।१०।२० को पत्र अनुसार जस्ता पाताको गुणस्तरमा कुनै खरावी भएमा सप्लयर्स जिम्मेवार हुने व्यहोराको पत्र समावेश गरेको पाइयो । कार्यालयले स्वतन्त्र परीक्षण समेत गराउन सक्ने अवस्था रहेकोमा त्यस्तो परीक्षण गराएको पाइएन । वारेन्टी तथा स्वतन्त्र रूपमा गुणस्तर परीक्षण वेगर खरिद गरेको समानको दिगोपना र विश्वसनीय नहुने भएकोले गुणस्तर परीक्षणलाई प्राथमिकतामा राख्नु पर्दछ ।	
७२.३			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशत कन्टिन्जेन्सी समावेश गर्न पाउने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम १० मा मालसामानको लागत अनुमान बनाउँदा कन्टिन्जेन्सी समावेश गर्न पाउने व्यवस्था छैन । खरको छाना विस्थापित गरी जस्ता पाता वितरण कार्यक्रमको लागत अनुमान तयार गर्दा समावेश गरेको ४ प्रतिशतले रू. ५० लाखको रू. २ लाख कन्टिन्जेन्सी कट्टा गरी राखेको पाइयो ।खरिद कार्यमा कन्टिन्जेन्सी कट्टा गर्न पाउने प्रवधान नभएको र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको बजेट बाँकी रकम फिर्ता गर्नु पर्ने हुँदा कन्टिन्जेन्सी कट्टा गरी राखेको रकम संघीय सरकारको कोषमा फिर्ता दाखिला गर्नु पर्ने रू.	२००,०००
७२.४			लागत अनुमान रू. १६४३९४९.२३ भएको थप जस्ता पाता (५०१ थान CGI sheet 0.41 coloured Heavy 11" र Pain Coloured 0.41 sheet 8*३ साइजको ३५ थान) खरिद सम्झौता अनुसारको रू. १२५४९६८.९६ को जस्ता पाताको भुक्तानीको लागि ए.पी.एम. स्प्लायर्स/ए.पी.एम. कन्ष्ट्रक्सनले २०७८।१।२० मा वील पेश गरेको छ । जस्ता पाता हालसम्म पनि लक्षित वर्गलाई वितरण नगरी राखिएको देखियो । आर्थिक वर्षको अन्त्यमा खरिद गरी कार्यालयमा मौज्दात रहेको कारणले बजेट निष्कृय रहेको अवस्था छ । उक्त परिमाणको जस्तापाता आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु.	१,२५४,९६८.९६
७२.५			सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनोटको आधार विधि, बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान लिएको पाईएमा अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । कार्यालयले सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनोट र सिफारिश गरेको नामावलीको आधारमा जस्तापाता उपलव्ध गराउन २८ जना लाभग्राहीहरु छनोट गरी जस्ता पाता खर्च लेखेको छ। खर्च गर्दा लाभग्राही छनौटको आधार, लागत अनुमान, गतविगत वर्ष यस्ता सुविधा लिए नलिएको र अन्य निकायवाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। जस्तापाता लिनेको अध्याविधक विवरण तयार गरी लगत राख्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३			**गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (१) ङ अनुसार खरिद सम्झौता प्रशासन कार्ययोजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट गिट्टी, ढुंगा, बालुवा, डण्डी, र बालुवाको परीक्षण गराउनु पर्नेमा गराएको छैन । यसले गुणस्तर परीक्षणलाई कार्यालयले प्राथमिकतामा नराखेको स्पष्ट हुन्छ । गुणस्तर परीक्षण वेगर गरेको काम दिगोपना र विश्वसनीय नहुने भएकोले गुणस्तर परीक्षणलाई कार्यालयले अनिवार्य बनाउनु पर्दछ । गुणस्तर परीक्षण वेगर कार्य सम्पन्न गरी भुक्तानी गरेको निर्माण कार्यका केही उदाहरण देहाय बमोजिम छन् ।	

भौ.नं. मिति	निर्माण कामको विवरण	खुद भुक्तानी	कामको प्रकृति
६७–२०७८।१।६	पहिरो नियन्त्रण	५२७८४७.००	तार जालीको काम
६९–२०७८।१।६	खेल मैदान	४७८९०९.००	तार जाली समेत
७०–२०७८।१।६	ने.रा.मा.वि. घेरावार	६१९८९६.००	तार जालीको काम
२४५-२०78।3।30	बोज्याङ खोला लिफ्ट खा.पा.	4176275	खानेपानी संरचना
स्थानीय विकास साझेदारी कार्यक्रम			
३–२०७८।३।२४	युवा वर्ष आ.वि. पूर्वाधार निर्माण	१३५३७०५.००	भवन निर्माण
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम			
६–२०७८।३।२७	जनज्योति मा.वि. गुम्चन	९५५८९९.००	भवन निर्माण
47—2078।3।26	फूलवारी आ.वि. लुंग्री ७	1790994	भवन निर्माण
48-2078।3।26	बराह क्षेत्र आ.वि. लुंग्री ५	1799178	भवन निर्माण

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				4९-2078।3।26	ने.रा. क्षेत्र आ.वि. लुंग्री १	1799095	भवन निर्माण		
७४			**मालसमानको गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः - कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । - देहायका मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः						

गो.भौ. र मिति	मालसामानको नाम	बिक्रेता	भुक्तानी रकम
४–२०७७।७।२७	ल्यापटप, कम्प्युटर	बराह सप्लायर्स	४९००००.००
,,	,,	सुनिधि ट्रेडर्स	३४१०००.००
७२-२०७८।१।६	कम्प्युटर	लोभल कम्प्युटर	१९३७९५.००
२३२-२०७८।३।२८	फर्निचर	एच.वि.एस. मल्टि ट्रेड	४७८७२४.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७५			**सुरक्षित आवास** सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनोटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र वोतीय प्रबन्ध गर्नुपर्ने तथा बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । कार्यालयले सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनोट र सिफारिश गरेको नामावलीको आधारमा जस्तापाता काठ उपलव्ध गराउन ११० घरपरिवार छनोट गरेकोमा बजेट अभावका कारण २८ जना लाभग्राहीहरूको खातामा जनही रु. ४८,०००।– का दरले रु. १३,४४,०००।– र कन्टेन्जेसी खर्च रु. ५६०००।– खर्च लेखेको देखियो। यस प्रकारको वितरणमुखी कार्यमा खर्च गर्दा लाभग्राही छनौटको आधार, गत विगत वर्षमा यस प्रकारको सुविधा लिए नलिएको, जस्ता पाताको गुणस्तर तथा स्पेशिफिकेशन तयार गरी अन्य निकायवाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। यस्तो कार्यमा सुधार हुनु पर्दछ ।	
७६			**बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) बमोजिम बील विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिका कोशेली घर प्रदर्शनी तथा विक्री कक्ष निर्माण कार्यको जलजला दर्शन कन्ष्ट्रक्शनले रू. ८८५३१९.४१ को वील पेश गरेकोमा कार्यालयले रू. ८९२०९९।- भुक्तानी गरेकोले बढी भुक्तानी दिएको रू.६७७९.५९ सम्बन्धितबाट असूल हुनुपर्ने रु.	६,७७९.५९
७७			**भुक्तानी दिन बाँकीको कच्चावारी वेगर** भुक्तानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी बर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम १५ मा अघिल्लो आ व को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता स्थानीय भत्ता सरुवा भ्रमण खर्च घर भाडा पोशाक खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ । पालिकाले म ले प फा नं २२१ प्रमाणित बेगर सोझै भुक्तानी गरेको खर्चको व्यहोरा देहाय बमोजिम छन्	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७८			**अनुगमन खर्च** २०७७।५।२१ भुक्तानी दिन बाँकीको कच्चावारी नभएको पालिकाले म ले प फा नं २२१ भुक्तानी दिन बाकीको कच्चावारी तयार गरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएकोमा सो प्रमाणित कच्चावारी बेगर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम मा अघिल्लो बर्ष भुक्तानी दिन बाँकी दिन मिल्ने खर्च शिर्षक बाहेकको अनुगमन मूल्यांकन खर्च बापत पालिकाका अध्यक्ष र वडा अध्यक्षलाई दैनिक भ्रमण भत्ता बापत २०७६ साउन देखि २०७७ असार सम्म विभिन्न मितिका स्वीकृत भ्रमण आदेशमात्रको आधारमा २ लाख २३ हजार ८ सय ५० भुक्तानी दिएको छ । अन्य खर्चमा भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी तयार गरी भुक्तानी दिएकोमा अनुगमन मूल्यांकन खर्च शिर्षकबाट भुक्तानी दिन नमिल्ने खर्च दिने कर्मचारीलाई जिम्मेवार बनाइ सम्बन्धित पदाधिकारीबाट असूल गर्नपर्ने रु	१७३,८५०

क्र सं	पद	पदाधिकारीको नाम थर	रकम
१	पालिका अध्यक्ष	दुर्गाबहादुर खड्का	२३८५०
२	अध्यक्ष वडा नं ४	शिव बहादुर केसी	५००००
४	अध्यक्ष वडा नं ६	यमलाल विष्ट	५००००
५	अध्यक्ष वडा नं ७	कर्णबहादुर रोका	५००००
जम्मा			१७३८५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७९			**गत वर्षको भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा चालु बर्षको बजेटले नखाम्ने गरी बढी बजेट खर्च हुने गरी दायित्व सृजना गर्न हुँदैन । पालिकाले देहायका भुक्तानी गर्न नमिल्ने अधिल्लो आर्थिक बर्षमा दायित्व सृजना भएको देहायको खर्च कार्यपालिकाबाट अनुमोदन गराइ खर्च लेखेको नियमसंगत नदेखिएको रु	१,५१७,८८०

क्र सं	भौ नं र मिति	खर्च शिर्षक	रकम
1	०२ ०५।१२	विविध खर्च	439223
2	०३ ०५।१२	विविध खर्च	725650
3	०४ ०५।१२	विविध खर्च	25000
4	०५ ०५।१४	कार्यालय संचालन र इन्धन खर्च	328007
जम्मा			1517880

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८०			**शीर्षक फरक** आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विविध खर्च शीर्षकबाट रु.२ लाख ४७ हजार ३३ मसलन्द तथा कार्यालय संचालनमा नियमको पालना नगरी खर्च लेखेको रकम अनियमित देखिएको रु	२४७,०३३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८१			**बीमा भुक्तानीमा जरिवाना** ८१...२०७७।८।१९ पालिकाले सवारी साधन बीमा र नवीकरण बापत रु१५०००० खर्च लेखेकोमा नवीकरण गर्न बाँकी रहेको बक्यौता र सो को जरिबाना बापत पालिकाले रु ६७ हजार ८ सय थप ब्यभार पारेको रु	६७,८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८२			**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.	३,८७३,५९८

भौ नं र मिति	फर्मको नाम	रकम
७४ ०८।१९	विभिन्न फर्मसंग टुक्रा खरिद	७२५७७१
३२४ ०३।०९	विभिन्न फर्मसंग टुक्रा खरिद	३९४८१८
३१८ ०३।०४	विभिन्न फर्मसंग टुक्रा खरिद	५४७०३३
२५६ ०१।०७	विभिन्न फर्मसंग टुक्रा खरिद	६९७१८१
४४१ ०३।२२	जय भैरव ब्याग हाउस	२४८७६
४६० ०३।२४	लोयल कम्प्यूटर सप्लायर्स	१०८७३०
१५ ०३।०४	श्रीराम मेडिको कन्सर्न	४९६०६२
२७ ०३।२२	स्वस्तिक बिजनेस ट्रेडर्स	३९९३७६
१६ ०३।०९	वेलकम मेडिसिन सप्लायर्स	४७९७५१
जम्मा		३८७३५९८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८३			**परामर्श सेवा** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोभ खरिद गरी रु. ४ लाख ७२ हजार ९ सय १७ खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनोट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।	
८४			**भ्रमण खर्च** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्. • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
८५			**सामाजिक सुरक्षातर्फ प्रतिवेदन** सामाजिक सुरक्षा सुरक्षा कार्यविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिकवार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मंसिर ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण साउन ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८६			**पारदर्शिता** कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरूको विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने, चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा सम्बन्धी खर्चलाई पारदर्शी बनाउन आवश्यक छ ।	
८७			**सार्वजनिक सुनुवाइ** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।	
८८			**भत्ता विवरणको अनुगमन** कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमासिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । देहाय अनुसार भत्ता वितरण गरेकोमा त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरू कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८९			**निष्कृय खाता सम्बन्धमा** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरि यसवर्ष पटक पटक नेपाल वैक लिमिटेडको नाममा रु ६६३६७६६१ निकाशा दिएकोमा वैकले केकति रकम सम्बन्धित सेवाग्राहीको नाममा रहेको खातामा जम्मा गरी कति रकम जम्मा गर्न नमिलेको, दोहोरो परेको, लगत कट्टाको विवरण पालिकालाई उपलब्ध गराएको छैन ।अतः सेवाग्राहीको नाममा जान वाँकी रकम एकिन गरी फिर्ता गर्नुपर्दछ ।	
९०			**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
९१			**स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार २ परियोजना सञ्चालन गर्न रू.२५ लाख बजेट प्राप्त भएकोमा रू. २३ लाख ९२ हजार खर्च भई ९५.६८ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ ।	

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेट रकम	खर्च रकम	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
अन्य सार्वजनिक निर्माण	२	२५०००००।-	२३९२१९१.६३	९५.६८	पेश नभएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९२			**कोभिड तर्फः जोखिम आकलन र पूर्व तयारी** कार्यालयले महामारी नियन्त्रणका लागि पूर्व तयारी नियन्त्रण र रोकथामका लागि कार्य योजना बनाएको हुनुपर्दछ । तर गाउँपालिकाले जोखिम आकलन गरी कार्य योजना बनाएको देखिएन ।	
९३			**विपद व्यवस्थापन कोष** ०५...२०७७।०५।०२ विपद व्यवस्थापन कोष सम्बन्धी कार्यविधि ले विपद व्यवस्थापन कोषमा प्रशासनिक खर्च गर्न नपाइने उल्लेख छ । पालिकाले आर्थिक बर्ष २०७६।७७ मा क्वारेन्टाइन स्थल अनुगमन गरेबापत २३ जना पदाधिकारी र कर्मचारीलाई भुक्तानी दिन बाँकी खर्च रु ३ लाख ६९ हजार विपद व्यवस्थापन कोषबाट खर्च लेखेको छ । विपद व्यवस्थापनकोषबाट प्रशासनिक खर्च भुक्तानी गर्नु नियमसंगत नदेखिएको रू.	३१३,६५०
९४			**कोभिड रोकथाम नियन्त्रण र व्यवस्थापन** कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८ असार मसान्तसम्म औषधी खरिदमा रु १२ लाख ८४ हजार ९ सय ४१ कोभिड अस्पताल व्यवस्थापनमा २० लाख र उद्धार राहात तथा पुनस्थापनामा २८ लाख ५९ हजार ८१ खर्च लेखेको विवरण पेश गरेको छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९५</td><td></td><td></td><td>टुक्रा पारी खरिद
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि फरक फरक फर्म सप्लायर्सबाट सोझै खरिद गरेको छ। कार्याललले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना नगरी देहायका फर्म र सप्लायर्सबाट टुक्रा खरिद गर्नु नियमसंगत नदेखिएको रु
<table>
<tr><th>भौ नं र मिति</th><th>विवरण</th><th>फर्म र सप्लार्स</th><th>रकम</th></tr>
<tr><td rowspan="4">३० ०३।०४</td><td rowspan="4">औषधी खरिद</td><td>क्यू इन्टरनेशनल</td><td>२१२३२९</td></tr>
<tr><td>युनाइटेड मेडिको कन्सर्न</td><td>४००३९</td></tr>
<tr><td>हायत मेडिको कन्सर्न</td><td>८२३०५</td></tr>
<tr><td>युनाइटेड साइन्टिफिक एण्ड सर्जिकल हाउस</td><td>३७८८५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>713523</td></tr>
</table></td><td>७१३,५२३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९६</td><td></td><td></td><td>

परीक्षणको अवस्

पालिकाले लक्षण देखिएका र ट्रेसिंगमा परेका व्यक्तलाई एन्टिजेन र पिसिआर टेस्ट गर्दा देखिएका संक्रमितको अवस्था देहाय बमोजिम छ ।

विवरण	टेष्ट	पोजेटिभ	कैफियत
एन्टिजेन किट	४०८	२७	
पिसिआर	६११	३३८	

</td><td></td></tr>
<tr><td>९७</td><td></td><td></td><td>

क्वारेन्टिन र आइसोलेसन व्यवस्थापन

कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरूको व्यवस्थापनको लागि १ वटा आइसोलेसन सेन्टर तयार गरेकोमा देहायको सख्यामा क्वारेन्टिनमा बस्ने मानिसहरूको संख्या रहेको देखिन्छ ।

क्रस	यस निकायले तयार वा सञ्चालन गरेको आईसोलेशन केन्द्रको नाम	बेड संख्या	आईसोलेशन केन्द्रमा बस्नेहरुको संख्या		ब्यबस्थापन प्रयोजनको खर्च
			दैनिकरुपमा बसेको अधिकतम संख्या	आषाढ मसान्त सम्म आईसोलेशन केन्द्रमा बसेकाहरु कुल संख्या	
१	लुङ्ग्री आइसोलेसन	१०	३	३	

</td><td></td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९८			**किट खरिदको अवस** पालिकाले कोरोना चेक गर्न खरिद गरेका एन्टीजेन किट र पिसिआर किटको अवस्था देहायबमोजिम छ ।	
९९			**परीक्षणको अवस्था** कार्यलयले पेश गरेको विवरण अनुसार २०७७ असार सम्म पीसीआर परीक्षण गर्दा ३६५ जना मात्र संक्रमित फेला परेको र Priority-1 क्षेत्रमा गरेको परीक्षण संख्या १०१९ बाट समेत ३६५ संक्रमित फेला परेको देखिन्छ । परीक्षण र परीक्षणको दर देहाय अनुसार रहेको देखिन्छ ।	

विवरण	प्राप्त	खर्च	बाँकी	कैफियत
एन्टिजेन किट	९८०	६६०	५५५	
पिसिआर	६६०	६११	४९	३ वटा बिग्रिएको

महिना	सबै क्षेत्रमा गरेको कुल परीक्षण संख्या	
	परीक्षण संख्या	संक्रमित संख्या
२०७८ असारसम्म	१०१९	३६५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१००			**खोपको अवस्था** पालिकालाई विभिन्न समयमा कोभिसिल भेरोसेल र जोन्सन खोप गरी खोप प्राप्त भएको देखिन्छ । जसमध्ये पहिलो र दोश्रो डोजमा जनाले दुवै डोज खोप लगाएको विवरण देहाय बमोजिम छ ।	

विवरण	प्राप्त	खर्च	बाँकी	कैफियत
कोभिसिल	३९५	३९५	०	
जेनसन एण्ड जेनसन	६९६	६९६	०	
भेरोसिल	७८५	७८५	०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०१			**वार्षिक प्रतिवेदन** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।	
१०२			समपरीक्षण फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।	

क्र.स.	बेरुजु दफा	संक्षिप्त विवरण	समपरीक्षण भएकोरकम	कैफियत
१	७१	प्रमाणपेश फछ्यौट	३६४४३८	
२	५५	पूर्णप्रसादउपाध्याय अनुगमन भत्ता असुली	२५५०	
३	६०	दिपाकुमारीविष्ट पारिश्रमिक	८१३६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय		बेरुजु रकम

		आय कर असुली		
४	६२	नियमविपरितको भत्ता असुली टेकेन्द्रबहादुर घर्ति १७०० दिपाकुमारी विष्ट ८५० कमला महरा ८५० उबे खत्री ४१६५ विवशकुमार थापा ४१६५ दिलबहादुरबुढाथोकि ४१६५ पूर्णप्रसाद उपाध्याय १७००	१७५९५	
५	६१	अनुगमनभत्ता असुली फुलकुमारी दसौंदी	५१००	
६	६३	नियमविपरितकोभत्ता असुली लितमा कामी वि क ९९०० हर्कनारायण गिरि ९९०० भरत कुमार थापा ९९००	३९६००	
७	८१	प्रोत्साहनभत्ता असुली लितमा कामी विक१०००० खमौली घर्ती १०००० हर्कनारायणगिरी ७५०० भरतकुमार थापा ३५०००	६२५००	
		जम्मा	४९९९१९	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०३</td><td></td><td></td><td>अनुगमन तथा समपरीक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत वर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । (रू. हजारमा)
<table><tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr><tr><td>४७१८६७३५.००</td><td>४९९९१९</td><td>४६६८६८१६</td></tr></table></td><td></td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>अद्यावधिक बेरुजु
अद्यावधिक वेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । (रू. हजारमा)
<table><tr><th>गत वर्षसम्मको बाँकी बेरुजू(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr><tr><td>४७१८६७३५.००</td><td>४९९९१९</td><td>३३११४४१५</td><td>०</td><td>७९८०१२०१</td></tr></table></td><td></td></tr>
</table>